सहिदभूमि गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

पिप्ले, धनकुटा

कोशी प्रदेश, नेपाल

**तेस्रो पटक प्रकाशित मितिः २०८३/०४/२७**

यस गाउँपालिकाको आर्थिक ऐन, २०८३ बमोजिम गाउँपालिकाले उठाउन पाउने देहाय बमोजिमको आन्तरिक आय संकलन कर, दस्तुर र सेवा शुल्क आगामी आ.व. ०८३।०८४ का लागी सहिदभूमि गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०७९ को नियम १३८(४)(झ) बमोजिम सार्वजनिक बढाबढ गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा कम्पनीले तोकिएको निम्न शर्तहरुको अधिनमा रही तपसिलको समय, मिति र स्थानमा सार्वजनिक बढाबढ सम्बन्धी बढाबढ बोलपत्र दाखिला गर्न यो सूचना प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराइन्छ ।

**ठेक्काको विवरणः-**

| ठे.नं. | विवरण | न्यूनतम ठेक्का (VAT बाहेक) अंक रु. | बोलपत्र फारम दस्तुर | बोलपत्र फारम खरिद गर्ने अन्तिम मिति | बोलपत्र फारम दाखिला गर्ने अन्तिम मिति र समय | ठेक्का बढाबढ शुरु हुने मिति |
|---|---|---|---|---|---|---|
| आ.२/०८२/८३ | पन्चकन्या बुधबारे हटिया, वडा नं. ३ | ३००००/- | १०००/- | ७ औ दिन २०८३।०५।०२ | ८ औ दिन २०८३।०५।०३ १२:०० बजे | ८ औ दिन २०८३।०५।०३ २:०० बजे |
| आ.३/०८२/८३ | वडा नं. १ अन्तर्गत घंघरु, पोखरे र त्रिवेणी पशुहाट कर | ३६०००/- | १०००/- | ७ औ दिन २०८३।०५।०२ | ८ औ दिन २०८३।०५।०३ १२:०० बजे | ८ औ दिन २०८३।०५।०३ २:०० बजे |
| आ.४/०८२/८३ | ल्यान्डफिल्ड क्षेत्रबाट कबाड सामान संकलन तथा बिक्री, वडा नं. ६ | २००००/- | १०००/- | ७ औ दिन २०८३।०५।०२ | ८ औ दिन २०८३।०५।०३ १२:०० बजे | ८ औ दिन २०८३।०५।०३ २:०० बजे |
| आ.५/०८२/८३ | विज्ञापन कर संकलन (सहिदभूमि गाउँपालिका क्षेत्रभित्र) | १००००/- | १०००/- | ७ औ दिन २०८३।०५।०२ | ८ औ दिन २०८३।०५।०३ १२:०० बजे | ८ औ दिन २०८३।०५।०३ २:०० बजे |

<u>शर्तहरु :</u>

१. बढाबढ बोलपत्रको साथ आफूले कबोल गरेको कुल अंकको ५% रकम धरौटी बापत यस कार्यालयको सिटिजन्स बैंक इन्टरनेशनल लि. पिप्लेमा रहेको ग-३ **स्थानीय तह धरौटी खाता नम्बर ०७४०१००० ००००४२०१** मा जम्मा गरेको सक्कलै बैंक भौचर संलग्न गर्नु पर्नेछ ।

२. बढाबढ बोलपत्र साथ बोलपत्रवालाको व्यक्तीको हकमा नेपाली नागरिकताको प्रतिलिपि अनिवार्य संलग्न गर्नु पर्नेछ । संस्थाको हकमा संस्था दर्ताको प्रमाण पत्र, स्थायी लेखा नम्बर र आ.व. ०८१/०८२ को आयकर चुक्ता प्रमाण पत्रको प्रतिलिपि अनिवार्य संलग्न गर्नु पर्नेछ ।

३. प्रत्येक ठेक्काको लागि तोकिएको बोलपत्र फारम दस्तुर तिरी सहिदभूमि गाउँ कार्यपालिकाको कार्यालय, राजस्व इकाईबाट कार्यालय समय भित्र खरिद गर्न सकिनेछ।

४. तोकिएको न्युनतम ठेक्का अंक भन्दा सवैभन्दा बढि कबोल गर्ने आवेदनलाई स्वीकृत गरिनेछ ।

५. म्याद नाघी आएको वा रीत नपुगेको फारम उपर कुनै कारबाही हुने छैन ।

६. बढाबढ बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सर्वाधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

७. स्विकृत हुने बोलपत्रदाताले ठेक्का रकम एकमुष्ठ अग्रिम रुपमा बुझाउने भएमा कबोल ठेक्का रकममा १० (%) प्रतिशतले हून आउने रकम छुट दिइनेछ । ठेक्का रकमलाई किस्तामा बूझाउनका लागि पहिलो किस्ता ६० प्रतिशत, तथा अन्तिम किस्ता ४० प्रतिशत गरी विभाजन गरिने छ । यसरी किस्ता निर्धारण गरी पहिलो किस्ता रकम सम्झौता गर्दा कै बखतमा र अन्तिम किस्ता वरावरको ४० प्रतिशत रकम सम्झौता भएको मितिले चार (४) महिना भित्रमा वूझाउनू पर्ने छ । अन्तिम किस्ता वापतको रकमको हकमा कुल ठेक्का रकम बरावरको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकले जारी गरेको २०८३ आषाढ मसान्त सम्म अवधि रहेको परफरमेन्स वण्ड पेश गर्नु पर्ने छ ।

८. स्वीकृत ठेक्का रकममा मूल्य अभिवृद्धि कर (VAT) अतिरिक्त बुझाउनु पर्नेछ ।

९. सार्वजनिक बढाबढ गाउँपालिकाको कार्यालयमा नै हुनेछ ।

१०. अन्य विस्तृत जानकारीका लागी कार्यालयको वेवसाइड ***https://sahidbhumimun.gov.np*** वा कार्यालयको सूचना पाटीमा हेर्नु हुन वा कार्यालयको राजस्व इकाईमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

**नोट :- बढाबढ बोलपत्र दर्ता गर्ने अन्तिम मिति तथा बढाबढ बोलपत्र खोलिने मितिमा सार्वजनिक विदा पर्न गएमा त्यसको भोलीपल्ट दर्ता हुने तथा खालिने छ ।**

प्रमुख प्रशासकीय अधिकृत